लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय
डिबिजन वन कार्यालय, रुपन्देही

ईमेल: dforupandehi@gmail.com
फोन नं.: ९८५७०१५१०९

पत्र संख्या: २०८३/०८४
च.नं. :

मिति: २०८३।०६।०५

वन प्राविधिक (पाँचौ तह) आवश्यकता सम्बन्धी सूचना
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/०५)

नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौंको च.नं. ४६, मिति २०८३/०४/२२ को पत्रबाट वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम, संघीय सशर्त अनुदान अन्तर्गत नयाँ तथा पुराना निजी वनको विकास तथा प्रवर्द्धन क्रियाकलापमा विनियोजित बजेटको परिधिभित्र रही चालु आ.व. २०८३/०८४ को लागि डिबिजन वन कार्यालय रुपन्देही को कार्य क्षेत्रमा स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार कार्य गर्ने गरी वन प्राविधिक (पाँचौं तह) पदमा तपसिलको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी (सेवा करार) आवश्यक परेकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र देहायका कागजातहरु सहित निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

पद नाम	माग संख्या
वन प्राविधिक (पाँचौं तह)	२ (दुई)

क. आवश्यक न्यूनतम योग्यताः

- वन विज्ञान विषयमा प्रमाणपत्र तह (I.Sc. Forestry) वा सो सरह उत्तिर्ण गरी कम्तीमा १ वर्षको अनुभव भएको वा वन विज्ञान विषयमा स्नातक तह (B.Sc. Forestry) उत्तिर्ण गरेको ।(सो भन्दा बढी अनुभव भएकोलाई प्राथमिकता दिईनेछ)
- समृद्धिका लागि वन कार्यक्रम वा यस्तै जलवायु परिवर्तनसँग सम्बन्धित परियोजनामा निजी वन, सार्वजनिक वन वा वन क्षेत्रमा आफ्नै अगुवाईमा वन विकासको कार्य गरी कम्तीमा ५ हेक्टर वृक्षारोपण गरेको। (१० हे. भन्दा बढी वृक्षारोपण गरेकालाई प्राथमिकता दिइनेछ)
- लुम्विनी प्रदेशको स्थायी वासिन्दालाई प्राथमिकता दिइनेछ ।
- १८ वर्ष उमेर पुरा भई ५८ वर्ष ननाघेको हुनुपर्ने। (१८ वर्ष देखि ४० वर्ष उमेरकोलाई प्राथमिकता दिइनेछ)
- आदिवासी जनजाति, दलित, मधेशी, महिला, अल्पसंख्यक समुदायलाई प्राथमिकता दिइनेछ ।
- REDD+ का बारेमा जानकार, लागत अनुमान तयार गर्न सक्ने, कम्प्युटरमा सिप (GIS, ETRS, आदि Application बारे जानकारी) लाई प्राथमिकता दिइनेछ । (CV मा उल्लेख भएको हुनुपर्नेछ)
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

ख. आवश्यक कागजातहरुः

- निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु
- अनुभव खुल्ने प्रमाणित कागजातहरु
- वृक्षारोपण गरेको सम्बन्धि प्रमाणपत्र वा सिफारिस पत्रको प्रमाणित प्रतिलिपिहरु
- अन्य आवश्यक कागजातहरु

नोटः विस्तृत जानकारी रेड कार्यान्वयन केन्द्र को website मा प्रकाशित वन विकास कोष (कार्वन उत्सर्जन न्यूनीकरण) कार्यक्रम तथा संघीय सशर्त अनुदान तर्फको कार्यान्वयन कार्यविधि,२०८३।०८४ को अनुसुची १ मा उल्लेख गरिएको छ ।

ईमेल: dforupandehi@gmail.com
फोन नं.: ९८५७०१५१०९

लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, रुपन्देही

पत्र संख्या : २०८३/०८४
च.नं. :

मितिः २०८३।०६।०५

ग. आवेदन दिने अन्तिम मिति, छनोट प्रक्रिया र पारिश्रमिकः

- आवेदन दिने अन्तिम मितिः २०८३ असोज ११ गते कार्यालय समयभित्र। (आवश्यक कागजातहरुको प्रतिलिपिको पछाडि निवेदकः स्वयंले प्रमाणित गरी भौतिक रूपमा डिभिजन वन कार्यालय, रुपन्देही मा उपस्थित भई बुझाउनुपर्नेछ ।)
- माथि उल्लेखित दिनमा सार्वजिनक विदा परेमा अर्को दिन कार्यालय समयमा आवेदन दिन सकिनेछ ।
- छनोट प्रक्रियाः REDD+ कार्यान्वयन केन्द्रले तोकेको वन प्राविधिक नियुक्ति सम्बन्धि मापदण्ड बमोजिम छनोट गरिनेछ। आवश्यकक्ता अनुसार डि.व.का. रुपन्देहीले थप प्रक्रिया अपनाउन सक्नेछ ।
- पारिश्रमिक : नेपाल सरकारको प्रचलित नियमानुसार ।

थप जानकारीको लागि यस डिभिजन वन कार्यालय रुपन्देही मा सम्पर्क गर्नुहुनः सम्पर्क नं. ९८५७०१५१०९

सिनियर डिभिजनल वन अधिकृत